आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः ०३ जुलाई २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले राज्यसभामा राष्ट्रपतिको सम्बोधनमा धन्यवाद प्रस्तावमाथिको छलफलको जवाफ दिनु हुदै मणिपुर र NEET पेपर लीक लगायत धेरै मुद्दाहरूमा आफ्नो विचार व्यक्त गर्नु भयो।

२. कलकत्ता उच्च न्यायालयले पश्चिम बंगालका राज्यपाल सी.वी. आनन्द बोसद्वारा मुख्यमन्त्री ममता ब्यनर्जी विरूद्ध दर्ता मानहानिको मुद्दाको सुनवाईलाई बिहीवारसम्मको लागि स्थगित गरिदिएको छ।

३. कालेबुङ जिल्ला अदालतले लागु औषध निरोधक ऐन अन्तर्गत एकजना लागु औषध कारोबारीलाई दस वर्षको सजाय सुनाएको छ।

४. आजदेखि राष्ट्रिय राजमार्ग १० अनिश्चितकालको निम्ति बन्द गरिएको छ।

५. महानगर कोलकाता समेत राज्यका अन्य भागहरूमा बितेका तीन दिनदेखि निरन्तर भारी वर्षा भइरहेकोले तापमानमा व्यापक ह्रास दर्ता गरिएको छ।

**पीएम-मणिपुर-NEET**

प्रधानमन्त्री नरेन्द्र मोदीले राज्यसभामा राष्ट्रपतिको सम्बोधनमा धन्यवाद प्रस्तावमाथिको छलफलको जवाफ दिनु हुदै मणिपुर र छम्म्ज पेपर लीक लगायत धेरै मुद्दाहरूमा आफ्नो विचार व्यक्त गर्नु भयो। यस क्रममा उहाले सरकारले मणिपुरको अवस्था सामान्य बनाउन प्रयास गरिरहेको बताउनु भयो । उहाले भ्रष्टहरूलाई कडा सन्देश पनि दिनु भयो। श्री मोदीले भन्नु भयो, सरकारले मणिपुरको अवस्था सामान्य बनाउन निरन्तर प्रयास गरिरहेको छ। त्यहाँ भएका घटनाका सम्बन्धमा ११ हजारभन्दा बढी एफआइआर दर्ता भएका छन् भने ५ सयभन्दा बढी पक्राउ परेका छन्। हामीले यो पनि स्वीकार गर्नुपर्छ कि मणिपुरमा हिंसाका घटनाहरू निरन्तर घट्दै गएका छन्। आज मणिपुरका अधिकांश भागहरूमा स्कूल-कलेज संस्थाहरू खुला छन्। जसरी देशमा परीक्षाहरू थिएए त्यहाँ पनि परीक्षाहरू थिए। बालबालिकाले आफ्नो विकास यात्रा जारी राखेका छन्। श्री मोदीले भन्नु भयो, मणिपुरए मणिपुरको इतिहास जान्नेहरूलाई थाहा छ कि त्यहाँ सामाजिक संघर्षको लामो इतिहास रहेको छ। यो द्वन्द्वात्मक मानसिकताको जरा धेरै गहिरो छ। यसलाई कसैले नकार्न सक्दैन । यही परिस्थितिका कारण यो सानो राज्यमा १० पटक राष्ट्रपति शासन लागु गर्नुपरेको कुरा कांग्रेसवासीले बिर्सनु हुँदैन। हामीले परिस्थितिलाई बुद्धिमानीपूर्वक सुधार्ने प्रयास गर्नुपर्छ। यसमा सहयोग गर्न चाहने सबैलाई साथ दिन तयार छौं। तरए हामी सामान्यता कायम राख्न र शान्ति ल्याउन सक्दो प्रयास गरिरहेका छौं। प्रधानमन्त्री नरेन्द्र मोदीले छम्म्ज पेपर लीक मुद्दामा विद्यार्थीहरूलाई आश्वासन दिनु हुदै दोषीहरूलाई कडा सजाय दिइने बताउनु भयो। उहाले भन्नु भयो ए ष्पेपर लीकजस्तो संवेदनशील विषयमा राजनीति नहोस् भन्ने हाम्रो चाहना थियोए तर प्रतिपक्षलाई बानी परेको छ। उहाले अझ भन्नु भयोए युवाहरुको भविष्यसँग खेलवाड गर्नेलाई कडा कारबाही गर्नका लागि कारबाही भइरहेको भारतका युवाहरूलाई विश्वास दिलाउन चाहन्छु।

****** ० ******

**ममता राज्यपाल**

कलकत्ता उच्च न्यायालयले पश्चिम बंगालका राज्यपाल सी.वी. आनन्द बोसद्वारा मुख्यमन्त्री ममता ब्यनर्जी विरूद्ध दर्ता मानहानिको मुद्दाको सुनवाईलाई बिहीवारसम्मको लागि स्थगित गरिदिएको छ। राज्यपाल ले सुश्री ब्यनर्जी र तृणमूल कंग्रेसका अन्य नेताहरूको कथित टिप्पणीलाई लिएर मानहानिको मुद्दा दर्ता गराएका छन्।श्री बोसका वकिलद्वारा दर्ता याचिकामा आवश्यक फेरबदल गरिएपछि मामिलाको सुनवाई भोलि हुने सम्भावना रहेको छ ।श्री बोसका वकिलले दाबी गरेए राज्यपाल विरूद्ध निराधार आरोप लगाइँदैछ। उनले मानहानि मुद्दामा प्रतिवादीहरू द्वारा भविष्यमा दिइने बयानहरूमाथि रोक लगाउने अनुरोध पनि गरेका छन् ।न्यायमूर्ति कृष्ण रावले आज बताए किए मुद्दामा उल्लेख गरिएका प्रकाशनहरू लाई पक्षधर बनाइएको छैन।राज्यपाल बोसका वकिलले आवश्यक फेरबदललाई सामेल गर्दै नयाँ याचिका दर्ता गर्नको लागि समय मागेका थिए ए त्यसपछि अदालतले अनुमति दिँदै अघिल्लो सुनवाई भोलि बिहीवार गरिने आदेश दिएको छ ।

****** ० ******

**कालेबुङ जिल्ला अदालत**

कालेबुङ जिल्ला अदालतले लागु औषध निरोधक ऐन अन्तर्गत एकजना लागु औषध कारोबारीलाई दस वर्षको सजाय सुनाएको छ। कालेबुङ जिल्ला बनेपछि आज लागूऔषध निरोधक ऐन अन्तर्गत एक लागुऔषध कारोबारीलाई १० वर्षको कैद साथै १ लाख रुपैयाँ जरिवानाको सजाय सुनाएको छ । अतिरिक्त जिल्ला न्यायाधीश तथा विशेष न्यायाधीश नन्द दुलाल कालापहारको खण्ड पिठले २०२१ को एउटा मुद्दामा राष्ट्रिय राजमार्ग मल्ली निवासी नुरुल हकलाई दोषी ठहर गर्दै १० वर्ष कैद र १ लाख जरिमानाको सजाय सुनाएको जानकारी प्राप्त भएको छ ।

****** ० ******

**महानदी पैरो अपडेट**

खरसाङ खण्ड अन्तर्गत महानदी क्षेत्रमा गएको पैह्रोले महानदीको त्रिसठ पाखा गाउँ खतरामा रहेको छ । पैह्रोले राष्ट्रिय राजमार्ग 55 सबै तानेर लगेपछि साना वाहनहरू रेलको लीग भएर कुद्न बाध्य भएको छ। सोमबार बिहान गएको पैह्रो अहिले बढेर झन ठूलो भएको छ भने वरिपरिका घरहरूलाई ठूलो खतरा उत्पन्न भएको छ। चर्किएको घरहरू अझ पैह्रोले लाने अवस्थामा रहेको छ। पैह्रो प्रभावित घरहरू अझ धेरै बढेको छ भने पैह्रो प्रभावित परिवारहरूलाई नजिकैको पक्का घरहरूमा राखिएको छ। पैह्रोले मोति बराईलीको घर पहिलेबाटै पूर्ण रूपमा क्षतिग्रस्त बनाएको थियो भने मदन भुजेलको घर र समीर घतानीको घर अहिले पूर्ण रूपमा खतरामा देखिएको छ । यसरी नाइँ अन्य धेरैको घरहरू पैह्रोको चपेटमा परेको छ। लगातार रूपमा पानी परिरहेको खण्डमा पैह्रो बढेर गाउँलाई नै तान्ने सम्भावना देखिएको छ।

****** ० ******

**अलिपुरद्वारा विरोध**

तृणमूल छात्र परिषदले स्थायी उपकुलपति र स्थायी रजिस्ट्रारको नियुक्तिको माग गर्दै अलिपुरद्वार विश्वविद्यालयका उपकुलपति र रजिस्ट्रारको कोठामा ताला लगायो। आज दिउँसो लगभग १२ बजीतिर तृणमूल छात्र परिषद्का सदस्यहरूले अलिपुरद्वार विश्वविद्यालय परिसरमा न्याली गर्दै कार्यालयमा ताला झुण्डाउने काम गरे। स्थायी उपकुलपति र रजिस्ट्रारको अभावमा अलिपुरद्वार विश्वविद्यालय समग्र विकासबाट वञ्चित रहेको उनीहरुको भनाइ छ। यी दुइ पदमा तत्काल कसैलाई पनि स्थायी नियुक्त नगरे भविष्यमा ठूलो आन्दोलन गर्ने चेताउनी पनि विद्यार्थीहरूले दिएका छन्।

****** ० ******

**दार्जिलिङ डीएलआर**

वृक्षको माध्यमबाट प्राकृतिक सन्तुलन गर्न सकिन्छ भन्ने उदेश्यको साथमा दार्जिलिङको एक गैरसरकारी सस्था डीएलआर प्रेरणाले दार्जिलिङ पुलबजार खण्डको लोवर लिङतेनमा विभिन्न प्रजातीको बिरुवा निशुल्क रूपमा प्रदान गरेको छ। युवा सघको

मुख्य पहलमा एग्रो फरेस्टी अधिनस्त गाउँका विभिन्न सदस्यहरुको चिन्हित जमिनमा बिरुवा वितरण गरिएको थाहा लागेको छ। कार्यक्रममा डीएलआर प्रेरणाको पक्षमा सन्तकुमार ठटालको बिशेश उपस्थिति थियो ।

****** ० ******

**प्रेस क्लब अफ सिक्किम**

प्रेस क्लब अफ सिक्किमले यस वर्षको कञ्चनजङ्घा कलम पुरस्कार वरिष्ठ पत्रकार सुवास राईलाई दिने घोषणा गरेको छ। पुरस्कार आगामी १७ जुलाईमा पालन गरिइने प्रेस क्लब अफ सिक्किमको स्थापना दिवसमा प्रदान गरिनेछ। सुवास राई वर्तमानमा समिट टाइम्स समाचार पत्रका कपी एडिटर हुन्। लामो समयदेखि सिक्किमेली पत्रकारिता क्षेत्रमा संलग्न रहेका सुवास राईले सम्पादन क्षेत्रमा संलग्न रहेर काम गर्दै आउनु भएको छ। यसरी नै वार्षिक रुपमा प्रदान गरिंदै आएको लगनशील युवा पत्रकार पुरस्कार प्रेस क्लबले यस वर्ष दुई युवा पत्रकारलाई प्रदान गर्ने भएको छ। यो पुरस्कार सुभेन प्रधान र नितेश प्रधानलाई दिइने प्रेस क्लब अफ सिक्किमले घोषणा गरेको छ। स्थापना दिवसको अवसरमा प्रेस क्लब अफ सिक्किमले वरिष्ठ पत्रकार कमल मुखियालाई अभिनन्दन जनाउने भएको छ। १७ जुलाईमा २२ औँ स्थापना दिवस समारोह गान्तोकको मनन भवनमा पालन गर्ने प्रेस क्लब अफ सिक्किमले तयारी गरिरहेको छ।

****** ० ******

**एन एच १०**

आजदेखि राष्ट्रिय राजमार्ग १० अनिश्चितकालको निम्ति बन्द गरिएको छ। कालेबुंग जिल्ला प्रशाशक बाला सुब्रमणियन टी ले एउटा सुचना जारी गरेर यसबारे जानकारी दिनु भएको छ । मल्ली, रबिझोडाए लिखुभिर, २६ माइल अनि सेल्फी डाडामा पैरोले सडक क्षतिग्रस्त बनाएको कारण मरम्मतीको निम्ति राजमार्ग बन्द गरिएको उहाले जानकारी दिनु भएको छ । उहाले अघिल्लो सुचना जारी नगरेसम्म यात्रीहरूलाई लाभा भएर यात्रा गर्ने सुझाव दिनु भएको छ । अर्कोतिर दार्जीलिङ अनि कालेबुंगलाई जोड्ने सडक भने मरम्मती चलिरहेको भए तापनि वाहनहरुलाई आवत जावत गर्न खुला राखिएको छ।

****** ० ******

**नक्सलबारी चोरी**

नक्सलबारीमा फलामको ग्रील दोकानमा चोरीको घटना भएपछि क्षेत्रभरि सनसनी फैलिएको छ। जानकारी अनुसार फलामको ग्रील बनाउने एउटा दोकानमा गए राति लाखौं रुपियाँको फलामका सामग्रीहरू लगायत फलाम काट्ने मशिन पनि चोरी भएको छ। उक्त घटना नक्सलबारीको उत्तर रथखोला क्षेत्रमा भएको हो। सधैँझैं बिहिबार बिहान दोकान खोल्न आउँदा दोकान मालिक तपन शीलले आफ्नो दोकानमा चोरी भएको थाहा पाए। हिजो राति पानी परिरहेको समय मौकाको फाइदा उठाएर चोरहरूले पिक-अप भ्यानमा लाखौं रुपियाँको फलामका सामानहरू चोरी गरेर लगेको बताइएको छ। घटनाको समाचार पाएपछि नक्सलबारी थाना पुलिस घटनास्थलमा पुगेर सम्पूर्ण घटनाको जाँच शुरू गरेको छ। अर्कोतिरए पुलिसको गश्ती नभएको कारणले गर्दा नै यस्तो चोरीको घटना भएको हो भन्ने दोकान मालिकले आरोप लगाएको छ।

****** ० ******

**मिरिक ट्रक ड्राइभर**

मिरिक ट्रक ड्राइभर अनर्स वेलफेयर एशोसिएशनको बार्षिक सभा अनि सम्मान कार्यक्रम आज सम्पन्न भयो । एशोसिएशनका अध्यक्ष एमके तामाङका अध्यक्षतामा सम्पन्न कार्यक्रममा महासचिव चिरण छेत्रीले सचिवको प्रतिवेदन प्रस्तुत गर्नु भयो भने कोषाध्यक्षहरूले आय ब्यायको रिपोर्ट सुनाए। कार्यक्रममा लगभग चालीस बर्ष ट्रक चलाएर अवकाश ग्रहण गरेका चालक नन्दकुमार तामाङलाई संगठनले सम्मान जनाँउदै सम्मान पत्र साथै पचास हजार रूपियाँ प्रदान गरेको छ ।

****** ० ******

**सोम कमान सडक**

अविरल परिरहेको वर्षाको कारण सोम कमानको सड़कमा पैह्रो झरेर यातायात ठप्प बनेको थियो। यसै विषयलाई ध्यानमा राखेर आज भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा दार्जीलिङ महकुमा समिति अध्यक्ष आलोक कान्त मणि थुलुङको पहलमा सोम कमानको बाटो खोल्ने कार्य सम्पन्न भएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**<u>बङ्गाल मौसम</u>**

महानगर कोलकाता समेत राज्यका अन्य भागहरूमा बितेका तीन दिनदेखि निरन्तर भारी वर्षा भइरहेकोले तापमानमा व्यापक ह्रास दर्ता गरिएको छ।अलिपुरस्थित मौसम विभागको क्षेत्रीय मुख्यालयद्वारा आज जारी बयानमा बताइएको छ, कोलकातामा न्यूनतम तापमान सामान्यभन्दा दुई डिग्री कम २४.५ डिग्री सेल्सियस रेकर्ड गरिएको छ भने अधिकतम तापमान सामान्यभन्दा चार डिग्री कम २६.४ डिग्री सेल्सियस रेकर्ड गरिएको छ। कोलकाता बाहेक हावड़ाए हुगलीए उत्तर र दक्षिण २४ परगना, पूर्व औ पश्चिम मेदिनीपुर, पुरूलिया, बाँकुड़ा सहित राज्यका अन्य भागहरूमा पनि तापमान २६ देखि ३० डिग्री सेल्सियसबीच कायम छ। गत २४ घण्टामा कोलकातामा ४३.६ मिली मीटर वर्षा रेकर्ड गरिएको छ भने उत्तर बंगालका अलिपुरद्वार, कुचबिहार, जलपाईगुड़ी, दार्जीलिङ लगायत कालेबुङमा भोलि दिनभरि पानी पर्न सक्ने रिपोर्टमा उल्लेख गरिएको छ।

****** ० ******